# सडक क्षेत्रको निजी जग्गामा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७९

आन्तरिक मामिला
त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# सडक क्षेत्रको निजी जग्गामा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७९

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

**२०७९।०२।०५**

<u>**प्रस्तावना**</u> : प्रदेश सरकारले निर्माण गर्ने सडकको लागि आवश्यक पर्ने जग्गामा निर्मित संरचनाहरूको प्रदेश सार्वजनिक सडक ऐन, २०७८ को दफा ७ को उपदफा (२) बमोजिमको क्षतिपूर्ति निर्धारण कार्यलाई व्यवस्थित, सरल, पारदर्शी, समय सापेक्ष, यथार्थपरक र व्यावहारिक बनाउनको लागि घरको किसिम, निर्माण प्रविधि र निर्माण सामग्रीमा आधारित रही तथा ह्रासकट्टी दर (Rate of Depreciation) तय गरी क्षतिपूर्ति कार्य निर्धारण गर्न उपयुक्त देखिएकोले प्रदेश सार्वजनिक सडक ऐन, २०७८ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम, प्रारम्भ**</u>: (१) यस कार्यविधिको नाम "सडक क्षेत्रको निजी जग्गामा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषा**</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय वा निर्देशनालय मातहतका पूर्वाधार विकास कार्यालय, प्रादेशिक सडक डिभिजन कार्यालय तथा आयोजना कार्यालयलाई सम्झनु पर्छ ।

(ख) "निर्देशनालय" भन्नाले यातायात पूर्वाधार निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "मर्मत सम्भार खर्च" भन्नाले टुटेफुटेका घर, टहरो वा भवनलाई सही अवस्थामा ल्याउनको लागि आवश्यक पर्ने रकमलाई सम्झनु पर्छ ।

(च) "ह्रासकट्टी" भन्नाले घर, टहरो वा भवनको आयु अनुसार प्रयोगको कारणले गर्दा घट्ने मूल्यलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## मूल्याङ्कन प्रक्रिया र मूल्याङ्कन गर्ने विधि

३. **सडक क्षेत्रको निजी जग्गामा पर्ने घर, टहरो वा भवन क्षतिपूर्ति निर्धारण मूल्याङ्कनः** (१) प्रदेश सार्वजनिक सडक ऐन, २०७८ को दफा ७ को उपदफा (२) बमोजिम प्रदेश सरकारले निर्माण गर्ने सडकको लागि आवश्यक पर्ने निजी जग्गामा निर्मित घर, टहरो वा भवन जस्ता संरचनाहरुको क्षतिपूर्ति निर्धारण गर्दा देहायको घट्दो सन्तुलन विधि (Declining Balance Method) लाई आधार मानी गर्नु पर्नेछ ।

(क) वार्षिक मूल्यह्रासको दर, $r_d = 1/N * 100\ \%$

(ख) मूल्यह्रास (D) = $(1-(1 - r_d/100)^n) * P$

(ग) खुद भुक्तान योग्य रकम, n वर्षको = हालको बजार मूल्य (P) – मूल्यह्रास (D)

जहाँ,

$r_d$ = वार्षिक मूल्यह्रासको दर

P = हालको बजारमा भवनको लागत दर

n = भवन निर्माण भएको वर्ष सङ्ख्या

N = भवनको उपयोगी जीवन

D = मूल्यह्रास

(२) सडक क्षेत्रको निजी जग्गामा पर्ने घरटहरोको क्षतिपूर्ति निर्धारण गर्दा देहाय अनुसार गर्नु पर्नेछः-

(क) प्लिन्थको क्षेत्रफल परिमाण सर्वेक्षणद्वारा मापन प्रति वर्ग मि. मा गरिनेछ । प्रत्येक तल्लाको क्षेत्रफल जम्मा गरी कुल क्षेत्रफल (A) निकालिनेछ,

(ख) घर, टहरो वा भवनको उपयोगी जीवन (N) सिमेन्ट कंक्रिट ढलान छत भएको ६० वर्ष र अन्यको ५० वर्ष मानिनेछ,

(ग) वार्षिक मूल्यह्रासको दर ($r_d$ )=(1/N)*100 %,

(घ) निर्माण वर्ष बिक्रम सम्बत् (B.S.) मा भवन निर्माण भएको वर्ष नक्सा पास भएको भए सोहि मिति र नभए सम्बन्धित स्थानीय तहका वडाहरुले उपलब्ध गराएको कागजातहरु बाट प्राप्त गरिनेछ। त्यसपछि भवन निर्माण भएको वर्ष संख्या (n), हालको आर्थिक वर्षबाट निर्माण वर्ष घटाएर निर्धारण गरिनेछ,

(ङ) हालको बजार मूल्य (P) कुल क्षेत्रफल (A) र प्रति वर्ग मि. को प्लिन्थ क्षेत्रफलको दरलाई गुणन गरी कायम गरिनेछ। प्रति वर्ग प्लिन्थ क्षेत्रफलको दर अनुसूची-१ बमोजिम मूल्याङ्कन नर्म्सबाट तयार गरिनेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) मूल्यह्रासको हिसाब गर्दा देहायको सूत्र प्रयोग गरिनेछ ।

मूल्यह्रास (D) = $(1-(1 - r_d/100)^n) * P$

(छ) खुद भुक्तान योग्य रकमको हिसाब गर्दा देहायको सूत्र प्रयोग गरिनेछः-

खुद भुक्तान योग्य रकम = हालको बजार मूल्य (P) —मूल्यह्रास (D)

वा

$= P*((1 - r_d/ 100)^n)$

(३) उपदफा (१) र (२) बमोजिम क्षतिपूर्ति निर्धारणको मूल्याङ्कन गर्नको लागि निर्देशनालय तथा कार्यालयले एक कार्यदल गठन गर्नेछ । यस्तो कार्यदलमा निर्देशनालय तथा कार्यालयले सम्बन्धित स्थानीय तहको प्राविधिक प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्यदलले तयारी गरेको घर, टहरो वा भवनको क्षतिपूर्ति बापतको रकम निर्देशनालयमा पेस गरी अन्तिम स्वीकृति लिनु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम क्षतिपूर्तिको आधार लिंदा ऐन बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-३
## विविध

४. **सम्झौता गराउनु पर्नेः** यस कार्यविधि बमोजिम घर, टहरो वा भवनको क्षतिपूर्ति निर्धारण पश्चात् निर्देशनालय/कार्यालयलाई जग्गा निःशुल्क उपलब्ध गराउन स्थानीय तहको प्रमुख वा निजले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तोकेको प्रतिनिधिको उपस्थितिमा निर्देशनालयले सम्बन्धित जग्गा धनी सँग अनुसूची-२ बमोजिम सम्झौता गराउनु पर्नेछ ।

५. **<u>आवश्यक व्यवस्था गर्न सक्ने</u>** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा वा बाधा आइपरेमा निर्देशनालयको राय तथा सिफारिसको आधारमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-१

(दफा ३ को उपदफा २ को खण्ड (ङ) सँग सम्बन्धित)

**घर, टहरो वा भवनको मूल्याङ्कन सम्बन्धी नर्म्स**

**(१) RCC फ्रेम संरचना, सिमेन्ट मोर्टार र ढुङ्गा/ इट्टाले बनेको मेशनरी (Masonry) वाल**

डिजाइन सूची अनुसार विश्लेषण

प्लिन्थ क्षेत्रफल : ४७.४१ व. मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु.. | जम्मा रकम, रु.. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | ३५८.५० | | | |
| | अदक्ष | श्रमदिन | २९५.५० | | | |
| सामग्री | ढुङ्गा/इट्टा | घन मि. | २७.५० | | | |
| | सिमेन्ट | ब्याग | ३५०.०० | | | |
| | रेन्फोर्समेन्ट बार | के.जी. | ११६३.०३ | | | |
| | कडा काठ | घन मि. | ३.३३ | | | काठ (ब्याण्ड र पोस्ट समावेश नगरी) |
| | गिट्टी | घन मि. | १४.८२ | | | |
| | बालुवा | घन मि. | १४.८२ | | | |
| जम्मा रकम, रु. | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इलेक्ट्रिक र सेनेटरी काम (= जम्मा रकम को २.५%), रु. | | | | | | |
| टायल वा मार्बल वा पार्केटिंग जस्ता फिनिसिंग कार्य गरेको भए (= जम्मा रकम को २.५%), रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

**(२) लोड बिअरिंग वाल र RCC स्ल्याब, सिमेन्ट मोर्टार र इट्टा/ ढुङ्गाले बनेको मेशनरी (Masonry) वाल**

डिजाइन सूची अनुसार विश्लेषण

तल्ला : २

प्लिन्थ क्षेत्रफल : ८२.४२५ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | २९६.०० | | | |
| | अदक्ष | श्रमदिन | ३९६.०० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामग्री | इट्टा | संख्या | ४१७२९.० ० | | | |
| | सिमेन्ट | ब्याग | ३०२.०० | | | ०.६९ |
| | रेन्फोर्समेन्ट बार | के.जी. | २७९१.०० | | | |
| | कडा काठ | घन मि. | १.६५ | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी) |
| | गिट्टी | घन मि. | १६.०० | | | |
| | बालुवा | घन मि. | ३७.०० | | | |
| जम्मा रकम, रु. | | | | | | |
| इलेक्ट्रिक र सेनेटरी काम (=जम्मा रकम को २.५%), रु. | | | | | | |
| टायल वा मार्बल वा पार्केटिंग जस्ता फिनिसिंग कार्य गरेको भए (= जम्मा रकम को २.५%), रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

(३) लोड बिअरिंग (Load Bearing) वाल र CGI सिट/सिमेन्ट टाईल/खपडा छानो र सिमेन्ट मोर्टार ढुङ्गा/इट्टा/ब्लकले बनेको मेशनरी (Masonry) वाल

डिजाइन सूची अनुसार विश्लेषण

तल्ला : २

प्लिन्थ क्षेत्रफल : ९४.८१५ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | ३०४.०० | | | |
| | अदक्ष | श्रमदिन | ४५९.०० | | | |
| सामग्री | ढुङ्गा/इट्टा | घन मि. | ७२.०० | | | |
| | सिमेन्ट | ब्याग | २०१.०० | | | |
| | कडा काठ | घन मि. | ५.५८ | | | काठ ( ब्याण्ड र पोस्ट समावेश नगरी ) |
| | रेन्फोर्समेन्ट बार | के.जी. | ११४१.०० | | | |
| | गिट्टी | घन मि. | १०.०० | | | |
| | बालुवा | घन मि. | ३९.०० | | | |
| | CGI सिट | वर्ग मि. | ४.६९ | | | २६ गेज |
| जम्मा रकम, रु. | | | | | | |
| इलेक्ट्रिक र सेनेटरी काम (=जम्मा रकम को २.५%), रु. | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर, प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर, प्रति वर्ग फिट, रु. | | | | | | |

**(४) काठको फ्रेम संरचना, ढुङ्गा/ ब्लक मेशनरी) Masonry( र काठको वाल (पहिलो तल्ला) र छानो CGI सिट, सिमेन्ट टाईल, खपडा**

डिजाइन सूची अनुसार विश्लेषण

तल्ला : २

प्लिन्थ क्षेत्रफल : ११९.९३८ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष (५०% ढुङ्गा (मेशनरी) | श्रमदिन | १७१.०० | | | |
| | अदक्ष | श्रमदिन | ३५८.०० | | | |
| सामग्री | ढुङ्गा/इट्टा | घन मि. | ५.०० | | | |
| | सिमेन्ट | ब्याग | १३१.०० | | | |
| | कडा काठ | घन मि. | १६.५० | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी) |
| | गिट्टी | घन मि. | १०.९० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालुवा | घन मि. | १७.०० | | | |
| | CGI सिट | वर्ग मि. | ६.७० | | | २६ गेज |
| जम्मा रकम, रु. | | | | | | |
| इलेक्ट्रिक र सेनेटरी काम (= जम्मा रकम को २.५%), रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

**(५) काठको फ्रेम संरचना, काठको वाल र छानो CGI सिट, सिमेन्ट टाईल, खपडा कंक्रिट फ्लोर भएको**

डिजाइन सूची अनुसार विश्लेषण

तल्ला : २

प्लिन्थ क्षेत्रफल:११९.९३८ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | १०२.६० | | | |
| | अदक्ष | श्रमदिन | २१४.८० | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामग्री | ढुङ्गा/इट्टा | घन मि. | ५.०० | | | |
| | सिमेन्ट | ब्याग | १३१.०० | | | |
| | कडा काठ | घन मि. | १६.५० | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी ) |
| | गिट्टी | घन मि. | १०.९० | | | |
| | बालुवा | घन मि. | १७.०० | | | |
| | CGI सिट | वर्ग मि. | ६.७० | | | २६ गेज |
| जम्मा रकम, रु. | | | | | | |
| इलेक्ट्रिक र सेनेटरी काम (=जम्मा रकम को २.५%), रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

### (६) काठको फ्रेम संरचना, काठको वाल र छानो CGI सिट, सिमेन्ट टाईल, खपडा कंक्रिट फ्लोर नभएको

<u>डिजाइन सूची अनुसार विश्लेषण</u>

<u>तल्ला : २</u>

प्लिन्थ क्षेत्रफल : ११९.९३८ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | इकाई | १०२.६० | | | |
| | अदक्ष | श्रमदिन | २१४.८० | | | |
| सामग्री | ढुङ्गा/इट्टा | घन मि. | ५.०० | | | |
| | सिमेन्ट | ब्याग | ६५.५० | | | |
| | कडा काठ | घन मि. | १६.५० | | | काठ ( ब्याण्ड र पोस्ट समाबेश नगरी ) |
| | गिट्टी | घन मि. | १०.९० | | | |
| | बालुवा | घन मि. | १७.०० | | | |
| | CGI सिट | वर्ग मि. | ६.७० | | | २६ गेज |
| जम्मा रकम, रु. | | | | | | |
| इलेक्ट्रिक र सेनेटरी काम (=जम्मा रकम को २.५%), रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |

| | | |
|---|---|---|
| घरको दर प्रति वर्ग मि, रु. | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | |

**(७) माटो मोर्टार ढुङ्गा/इट्टा मेशनरी) Masonry( लोड बिअरिंग (Load Bearing) वाल , टाईल अथवा CGI सिटले बनेको छानो र कंक्रिट फ्लोर भएको**

<u>डिजाइन सूची अनुसार विश्लेषण</u>

प्लिन्थ क्षेत्रफल : ४७.४०७५ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | ७९.६७ | | | |
| | अदक्ष | श्रमदिन | ६५.६७ | | | |
| सामग्री | ढुङ्गा/इट्टा | घन मि. | ५५.०० | | | |
| | सिमेन्ट | ब्याग | ६५.५० | | | |
| | कडा काठ | घन मि. | ३.३३ | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी ) |
| | CGI सिट | वर्ग मि. | २.६५ | | | २६ गेज |
| जम्मा रकम, रु. | | | | | | |
| इलेक्ट्रिक र सेनेटरी काम (=जम्मा रकम को २.५%), रु. | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

**(८) माटो मोर्टार, ढुङ्गा/इट्टा मेशनरी (Masonry) लोड बिअरिंग (Load Bearing) वाल, CGI छानो र माटोले बनेको फ्लोर**

<u>डिजाइन सूची अनुसार विश्लेषण</u>

प्लिन्थ क्षेत्रफल : ४७.४०७५ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | ७९.६७ | | | |
| | अदक्ष | श्रमदिन | ६५.६७ | | | |
| सामग्री | ढुङ्गा/इट्टा | घन मि. | ५५.०० | | | |
| | Mud | घन मि. | ४०.०० | | | |
| | कडा काठ | घन मि. | ३.३३ | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी ) |
| | CGI सिट | वर्ग मि. | २.६५ | | | |
| जम्मा रकम, रु. | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इलेक्ट्रिक र सेनेटरी काम (=जम्मा रकम को २.५%), रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

**(९) टाटि र माटोले प्लास्टर गरेको वाल र छानो CGI सिट, सिमेन्ट टाईल, खपडा/खरले बनेको**

<u>डिजाइन सूची अनुसार विश्लेषण</u>

<u>तल्ला : १</u>

प्लिन्थ क्षेत्रफल : ४३.१८ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष (५०% ढुङ्गा मेशनरी) | श्रमदिन | २५.६५ | | | |
| | अदक्ष | श्रमदिन | ७१.६० | | | |
| सामग्री | सिमेन्ट | ब्याग | १०.०० | | | |
| | कडा काठ | घन मि. | ३.१० | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी ) |
| | गिट्टी | घन मि. | ७.०० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालुवा | घन मि. | ३.६० | | | |
| | खर | मुठा | ५०.०० | | | |
| जम्मा रकम, रु. | | | | | | |
| इलेक्ट्रिक र सेनेटरी काम (=जम्मा रकम को २.५%), रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

**(१०) काठको पिल्लर (कडा काठले बनेको), CGI सिट/ टाईलले बनेको छानो**

डिजाइन सूची अनुसार विश्लेषण

प्लिन्थ क्षेत्रफल : ४७.४०७५ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | ५९.७५ | | | |
| | अदक्ष | श्रमदिन | ४९.२५ | | | |
| सामग्री | कडा काठ | घन मि. | ३.३३ | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी ) |
| | खर | मुठा | ३५.०० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा रकम, रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

## (११) काठको पिल्लर(कुकाठले बनेको), CGI सिट/ टाइलले बनेको छानो

डिजाइन सूची अनुसार विश्लेषण

प्लिन्थ क्षेत्रफल : ४७.४१ वर्ग मि.

| विवरण | जनशक्ति/ सामग्री | इकाई | परिमाण | जिल्ला दर रेट प्रति इकाई, रु. | जम्मा रकम, रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| जनशक्ति | दक्ष | श्रमदिन | ०.०० | | | |
| | अदक्ष | श्रमदिन | ४९.२५ | | | |
| सामग्री | कुकाठ | घन मि. | १.५० | | | काठ (ब्याण्ड र पोस्ट समाबेश नगरी ) |
| | खर | मुठा | ३५.०० | | | |
| जम्मा रकम, रु. | | | | | | |
| कुल जम्मा रकम, रु. | | | | | | |
| घरको दर प्रति वर्ग मि, रु. | | | | | | |
| घरको दर प्रति वर्ग फिट, रु. | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

## <u>सडक क्षेत्रको निजी जग्गा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्तिका लागि गरिने सम्झौता पत्र</u>

आज मिति ..................... साल ..................... महिना ............. दिन यस निर्देशनालय/कार्यालय मार्फत कार्यान्वयन भइरहेको .............. सडक अन्तर्गत सडक क्षेत्रका निजी जग्गामा पर्ने घर, टहरो वा भवनहरूको प्रदेश सार्वजनिक सडक ऐन, २०७८ को दफा ७ को उपदफा (२) बमोजिम निर्देशनालय/कार्यालय ................................ (प्रथम पक्ष) ........................................ गाउँपालिका/नगरपालिका प्रमुख/प्रतिनिधि ........................... को उपस्थितिमा ............ मा रहेको कित्ता नं. ....... को जग्गा धनी .................................... बस्ने ................................. को नाति, .............................................. छोरा .............. वर्षका श्री ............................................. (दोस्रो पक्ष) बीच निर्देशनालय/कार्यालयबाट निर्धारण गरिएको घर, टहरो वा भवनहरूको क्षतिपूर्ति उपलब्ध गराउन तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सम्झौता गरिएको छ ।

<u>तपसिल</u>

(१) .............................गाँउ/नगरपालिका वडा नं. ....................... मा बनेको कुल क्षेत्रफल .......................... वर्ग मि. को घर, टहरो वा भवनको जम्मा क्षतिपूर्ति रकम रु............. (अक्षेरुपी ......) हुनेछ ।

(२) क्षतिपूर्ति रकम सम्झौता पश्चात् ३०% र जग्गा धनीले आफ्नो जग्गामा निर्मित संरचना भत्काएर जग्गा खाली गरे पश्चात् बांकी ७०% रकम प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ ।

(३) दोस्रो पक्षले सम्झौता गरी प्रथम किस्ता बुझेको ...... दिनभित्र संरचना भत्काई जग्गा खाली गराई प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपलब्ध गराएको जग्गामा प्रथम पक्षले आवश्यक सडक संरचना निर्माण गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) प्रथम तथा दोश्रो पक्षको सहमतिमा सडकको अन्तिम रेखाङ्कन पश्चात् सडकले चर्चेको जग्गा लगत कट्टा गर्न सकिनेछ ।

**<u>प्रथम पक्ष</u>**

नामः

पदः

दस्तखतः

मितिः

**<u>दोस्रो पक्ष</u>**

नामः

दस्तखतः

मितिः

ठेगानाः

**<u>रोहबर</u>**

नामः

पदः

दस्तखतः

मितिः

**<u>रोहबर</u>**

स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि

नामः

पदः

दस्तखतः

स्थानीय तहको नाम :

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश